सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल

# म.प. बैठक संख्या २५२/०८३ को बैठकको निर्णय

**संवत् २०८३ साल साउन २९ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को २५२औं बैठकको निर्णय निम्नानुसार रहेको छ —**

**१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-**

- नेपालको लोकतन्त्रिकरण र अग्रगामी परिवर्तनका लागि विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, जनयुद्ध, तराई-मधेश आन्दोलन, थरुहट आन्दोलन लगायतका सबै आन्दोलनमा वीरगति प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति सम्मान एवं श्रद्धाञ्जली व्यक्त गर्ने र आन्दोलनका घाइतेहरूको स्वास्थ्यलाभको कामना गर्ने।
- सत्ता गठबन्धनका साझेदार दलले समर्थन फिर्ता लिएपश्चात यस अघिको सरकारबाट भए गरेका निर्णयहरू एवं बजेट निर्माण सम्बन्धी कमजोरीहरूको अध्ययन गरी जनताको विश्वास जित्न र प्रदेशको विकासलाई सही गति दिन प्रदेश सरकारले तत्काल र दीर्घकालीन रूपमा चाल्नुपर्ने ठोस कदमहरूको बारेमा सुझाव उपलब्ध गराउन आर्थिक मामिला मन्त्रीलाई जिम्मेवारी तोक्ने।
- सुदूरपश्चिम प्रदेश सरकारको यस अघिका मन्त्रिपरिषद्का मुख्यमन्त्री एवं मन्त्रिपरिषद्का सदस्यज्यूहरुलाई धन्यवाद ज्ञापन गर्ने।

**२. सामाजिक विकास मन्त्रालय-**

- सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल र टिकापुर प्रादेशिक अस्पतालमा डायलाइसिस सेवाका लागि क्रमशः पाँच, चार र तीन शैय्या थप गर्ने।
- लम्कीचुहा प्रादेशिक अस्पतालमा पाँच शैय्या तथा बयालपाटा प्रादेशिक अस्पताल, जोगबुढा प्रादेशिक अस्पताल र अन्य जिल्ला अस्पतालहरूमा दुई शैय्याको डायलाइसिस सेवा विस्तार गर्ने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश